# सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम भाग),कर्णाली प्रदेश,नेपाल

## सानीभेरी राजपत्र

खण्डः ९ संख्या :१२ मितिः २०८२/०६/२९


# भाग-२

# सानीभेरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

# मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य नीति, २०८२

सानीभेरी गाउँपालिका

## पृष्ठभूमि

नेपालको संविधान, २०७२ (भाग ३) मौलिक हक र कर्तव्य अर्न्तगत धारा १६ मा नागरिकले सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ मा स्वतन्त्रताको हक र धारा १८ मा समानताको हकको व्यवस्था गरेको छ। साथै धारा ३५ नागरिकको स्वास्थ्य सम्बन्धि हक सुनिश्चित गर्न आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र स्वास्थ्य सेवामा समान पहुँच हुने हकको व्यवस्था गरेको छ। जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ को उपदफा ४ (ङ) मा मानसिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको सूचीमा समावेश गरिएको छ। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन २०७४ को परिच्छेद – ७ मा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको लागि स्वास्थ्य, पुनर्स्थापना सामाजिक सुरक्षा तथा मनोरन्जनको व्यवस्था गरिएको छ। उक्त ऐनको दफा ३५ र ३६ ले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिकालागि थप सेवा सुविधाहरुको समेत सुनिश्चितता गरेको छ। सयुंक्त राष्ट्र संघको दिगो विकास लक्ष्य (२०१६–२०३०) मा पनि स्वास्थ्य सम्बन्धि "लक्ष्य ३ : सुस्वास्थ्य तथा समृद्ध जीवन" अन्तरगत सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्न मानसिक स्वास्थ्यलाई पनि प्राथमिकतामा राखी मानसिक स्वास्थ्यको प्रवर्द्धन गर्ने, नसर्ने रोगवाट हुने मृत्यु एक तिहाईले कम गर्ने र लागु पदार्थ दुर्व्यसनीको रोकथाम, उपचार र पुनर्स्थापना गर्ने लक्ष्य राखिएको छ

। साथै लक्ष्य १० मा असमानता न्यूनीकरण अन्तरगत मुलुक भित्र र मुलुकहरुबीचको असमानता घटाउने लक्ष्य राखिएको छ। नेपाल सयुंक्त राष्ट्र संघको सदस्य एवं मानव अधिकार सम्वन्धि अन्तर्राष्ट्रिय महासन्धिहरुको जस्तै अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धी, यातना पिडितहरुको अधिकार सम्बन्धि महासन्धि, बाल अधिकार सम्बन्धि महासन्धी लगायतका महासन्धीको पक्षधर राष्ट्र पनि हो। पक्षधर रही हस्ताक्षर गरेको अन्तर्राष्ट्रिय महासन्धिहरुमा उल्लेख भए बमोजिम मानसिक स्वास्थ्यको प्रवर्द्धन, रोकथाम, उपचार र पुनर्स्थापनाको अधिकारको सुनिश्चितता गर्नु राज्यको दायित्व हो। सोकालागि २०७७ साल मंसिर १४ गते नेपाल सरकारले राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना र कर्णाली प्रदेशले मानसिक स्वास्थ्य रणनिति तथा कार्ययोजना (२०७९ –२०८७) ल्याई सकेको सन्दर्भमा सो नीतिको प्रभावकारी कार्यान्वयनकालागि सानीभेरी गाउँपालिका प्रतिबद्द रहेको छ।

सानीभेरी गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक परिवेशका कारणले यहाँका जनताको जनजीवन कष्टकर रहेको छ। साथै वर्षौ देखि व्याप्त जातिय भेदभाव, छुवाछुत, लैङ्गिक हिंसा, बालबिवाह, बहुबिवाह,बैदेशिक रोजगार,लिङ्गका आधारमा गरिने विभेद लगायतका पराम्परागत कुसंस्कारका कारणले गर्दा यस गाउँपालिकामा मानसिक स्वास्थ्य समस्याको उच्च जोखिम रहेको छ। यस पालिकामा समुदायतहमा महिला स्वयंसेविका, शिक्षक तथा समुदायका मानिसहरुमा मानसिक स्वास्थ्यबारे जानकारी पुऱ्याउन सकिएको छैन। साथै यस गाउँपालिकामा मानसिक स्वास्थ्यका विषयमा थुप्रै भ्रम, अन्धविश्वास र गलत धारणा व्याप्त रहेका छन्। मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुले लाञ्छना, विभेद, बहिष्करण र सामाजिक मिथ्या कथनको सामना गर्न परिरहेको अवस्था छ। मानसिक रोग निको हुदैन, यो रोग लागेपछि जिन्दगीभर रहिरहन्छ, यस्ता रोग लागेका व्यक्ति आक्रामक हुन्छन्, कुनै किसिमको निर्णय लिन सक्दैनन् र खास दक्षता हुदैन भन्ने अन्धविश्वास यथावत नै छन्। साथै मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति र उनीहरुका परिवारका सदस्यहरुप्रति गरिने विभेद कायम नै छ। जसका कारणले गर्दा अझै पनि धेरै ठाँउमा मानसिक स्वास्थ्य सेवा लिने प्रवृतिको विकास कम भएको छ। अधिकांश अवस्थामा मानसिक स्वास्थ्य समस्याको उपचारका लागि धामी झाँकीमा भरपर्ने गरेको देखिन्छ। जसले मानसिक स्वास्थ्य अवस्थामा सुधार नहुने र विस्तारै दीर्घ तथा कडाखालको मानसिक रोगको रुपमा विकास हुने गरेको देखिन्छ।

विश्व स्वास्थ्य संगठनको अनुसार ५० प्रतिशत मानसिक स्वास्थ्य समस्याको सुरुवात १५ वर्षको उमेर अगावै शुरु हुने गर्दछ। यस गाउँपालिकामा पनि बालबालिका तथा किशोकिशारीमा देखिने मानसिक स्वास्थ्य समस्या बढ्दो क्रममा रहेका छन्। मानसिक स्वास्थ्य समस्या वालवालिका तथा किशोरकिशोरीमा पनि हुन्छ भन्ने जानकारी निकै कम मानिसहरुलाई मात्र भएकोले यस विषयमा कम चासो रहेको देखिन्छ। यसले गर्दा सुरुवाति अवस्थामा नै मानसिक स्वास्थ्य समस्याको पहिचान हुन सकेको छैन जसले गर्दा मानसिक समस्याको व्यवस्थापनमा थप जोखिम आउने देखिन्छ।

यस पालिकामा हालको समयमा ३ वटा स्वास्थ्य संस्थाबाट (सानीभेरी अस्पताल, अर्मा स्वा चौ र गरायला स्वा चौ) मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सेवा प्रदान गर्ने गरिएको छ। स्वास्थ्य संस्थाहरुमा प्रायजसो चिन्ताजन्य समस्या, उदासिनता, छारेरोग, कडा खालको मानसिक स्वास्थ्य समस्या, लागु तथा मादक पदार्थ दुर्व्यसनी जस्ता मानसिक स्वास्थ्य समस्या लिएर बिरामीहरु उपचारका लागि आउने गरेको देखिन्छ। साथै कडा खालका मानसिक समस्या र आत्महत्याको प्रबृति भएका बिरामीहरुको संख्या पनि बढ्दो क्रममा रहेको छ। तरपनि उक्त स्वास्थ्य संस्थाहरुमा मानसिक स्वास्थ्य समस्याको अति आवश्यक औषधी तथा मनोपरामर्श सेवाको नियमित उपलब्धता अझै सुनिश्चित गर्न सकिएको छैन।

सानीभेरी गाउँपालिकाले मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपाल (सि.एम.सी.नेपाल) र अन्य विभिन्न संस्थासंग मिलेर मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सेवालाई सहज र सुलभ बनाउने प्रयास गर्दा पनि अझै धेरै व्यक्तिले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सेवा प्राप्तमासमस्या भोगीरहेका छन्।

सानीभेरी गाउँपालिका

राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना नेपाल सरकारको मानसिक स्वास्थ्य प्रबर्धन गर्नकालागि सरहानिय प्रयास हो। यद्यपि सानीभेरी गाउँपालिमा राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजनाको भावी सोचलाई सार्थकता दिनकालागि मानसिक स्वास्थ्य सम्बन्धि सानीभेरी गाउँपालिको समस्या, वस्तुस्थिति र स्रोतहरूलाई ध्यान दिन आवश्यक छ। सो कुरालाई ध्यानमा राखेर राष्ट्रिय मानसिक स्वास्थ्य रणनिती २०७७, राष्ट्रिय स्वास्थ्य नीति, जनस्वास्थ्य सेवा ऐन २०७५, कर्णाली प्रदेश स्वास्थ्य नीति, सानीभेरी गाउँपालिका स्वास्थ्य नीति २०७८ को नसर्ने रोगहरु तथा मानसिक रोग बिधमान समस्या र चुनौतिहरु समाधानका लागि र रणनीति ३ को मुसीकोट गाउँपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरि जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवा स्तर देखि नै व्यवस्थापन गरिनेछ। यस रणनीति ३.४ देखि ३.७कार्यन्वयनमा आधारीत भई यस गाउँपालिकाको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य नीति तयार गरिएको छ।

## निर्देशक सिद्धान्त

अवरोध रहित, समावेशी तथा अधिकारमा आधारित अवधारणालाई मार्गदर्शन मानी यस नीतिमा निम्न सिद्धान्तहरु अवलम्वन गरिने छ।

क. समानता तथा भेदभाव रहित अधिकारमा आधारित सेवा

ख. पहुंचयूक्तता

ग. गरिमा र आत्मसम्मान

घ. गुणस्तरिय मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा

ङ. मानसिक स्वास्थ्य शिक्षा तथा जनचेतना अभिवृद्दिका लागि बहुक्षेत्रिय समन्वय

च. सशक्तिकरण र नागरिक समाज तथा संस्थासंग सहकार्य

छ. तथ्यमा आधारित मानसिक स्वास्थ्यका असल अभ्यासहरु

सानीभेरी गाउँपालिका

## भावी सोच (Vision)

सम्पुर्ण गाउँपालिका वासीको पहुँचमा मनोसामाजिक तथा मानसिक स्वास्थ्य सेवा पुऱ्याएर, खुसी, सुखी र मानसिक तथा मनोसामाजिक रुपमा सुस्वास्थ्य गाउँपालिकाको निर्माण गर्ने।

## ध्येय (Mission)

उपलब्ध साधनस्रोतको अधिकतम प्रयोग गरी सरोकारवाला सम्बन्धित संघीय सरकार, प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरू बीच समन्वय र रणनीतिक सहकार्य गरी नागरिकहरूको गुणस्तरीय मानसिक स्वास्थ्य सेवाको सुनिश्चतता गर्ने।

## लक्ष्य(Goal)

सानीभेरी गाउँपालिकाका सवै नागरिकहरुलाई मौलिक हकका रुपमा संबिधानप्रद्त स्वास्थ्य सेवा अर्न्तगत मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समतामुलक पहुँच सुनिश्चीत गर्न न्यायसंगत एंव जवाफदेही ढंगले मानसिक स्वास्थ्य तथा मनोसामाजिक स्वास्थ्य सेवालाई प्राथमिक स्वास्थ्य सेवामा एकिकृत गरी समय सापेक्षित आधारभुत मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा अबिछिन्न उपलब्ध गराउने।

## उद्देश्यहरु (Objective)

१.सम्मानजनक तथा सेवाग्राहीमैत्री गुणस्तरिय आधारभुत मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सेवाको सबै वर्गमा सरल, सुलभ र सहज पहुँच सुनिश्चीतता गरी उपभोगलाई अभिवृद्धि गर्ने ।

२.मानसिक स्वास्थ्य समस्या,आत्महत्या र कमजोर मानसिक स्वास्थ्यका पुर्वाअवस्थाको रोकथाम तथा मनोसामाजिक सुस्वास्थ्यको प्रबर्द्धन गर्नका लागि आवश्यकसचेतिकरण, चेतनामुलक र स्वस्थ जिवनयापन प्रबर्द्धन क्रियाकलापहरु गाउँपालिकाका नियमित क्रियाकलापहरुमा समावेश गरी लागु गर्ने ।

३.मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य, आत्महत्या रोकथाम र सो सम्बन्धी सेवालाई प्रबर्द्धन गर्नका लागि सरकारी र गैर सरकारी तथा निजि क्षेत्रबिच प्रभावकारी साझेदारी,समन्वय र सहकार्य गर्ने ।

४. मानसिक स्वास्थ्य समस्या तथा मनोसामाजिक अपाङ्गता भएमा व्यक्तिको हक अधिकार सुनिश्चित गरी आर्थिक समुनता र मानव अधिकारको संरक्षण गर्ने ।

५.तथ्यमा आधारित सेवा उपलव्ध गर्न आवश्यक सुरक्षित एवं गुणस्तरीय अभिलेख तथा तथ्याङ्क संकलन र मूल्याङ्कन गर्ने ।

## उदेश्यहरु परिपुर्ति गर्नका लागी अबलम्वन गरिने कार्यगत रणनीतिहरु :

**१. सम्मानजनक तथा सेवाग्राहीमैत्री गुणस्तरिय आधारभुत मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सेवाको सबै वर्गमा सरल, सुलभ र सहज पहुच सुनिश्चित गरी उपभोगलाई अभिवृद्धि गर्ने ।**

१.१ संघीय सरकार अर्न्तगत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मातहतको राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट स्वीकृत एम.एच.ग्याप ९जन्बए०मनोसामाजिक सहयोग र मनोसामाजिक परामर्श तालिम दिएर स्वास्थ्यकर्मीहरुको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सेवा दिने क्षमता अभिबृद्धि गरी गाउँपालिकाका सबै स्वास्थ्य संस्थाहरुमा आधारभूत मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवाको बिस्तार गरिनेछ ।

१.२ संघ तथा प्रदेश मातहतका अस्पताल र मेडिकल कलेजसँग समन्वय गरी मनोचिकित्सक र मनोविद्हरुमार्फत तालिम प्राप्त स्वास्थ्यकर्मी को सुपेरिवेक्षणको व्यवस्था मिलाईने छ ।

१.३ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा समुदाय स्तरमा सहज उपलब्धताका लागि मानसिक स्वास्थ्य सामग्रीका साथै आवश्यक औषधीको सहज व्यवस्थापन गरिनेछ ।

१.४ मानसिक स्वास्थ्य समस्याको व्यवस्थापन तथा पुर्नस्थापना गर्न विशिष्टकृत तथा विशेषज्ञ सेवाको आवश्यकतालाई ध्यानमा राखेर जिल्ला तथा प्रदेश अस्पताल र अन्य निकायहरुसंगको समन्वयमा प्रेषण प्रणालीको विकास गरिनेछ ।

१.५ मानसिक स्वास्थ्य समस्याको रोकथाम, प्रवर्धन, उपचार र पुर्नस्थापनाकालागि उपलब्ध श्रोत साधनका आधारमा आवश्यक बजेट विनियोजन गरिनेछ । मानसिक स्वास्थ्य समस्याको उपचारलाई स्वास्थ्य बिमामा समाबेश गरी सहज उपचारको व्यवस्था गरिने छ ।

१.६ मानसिक स्वास्थ्यको प्रवर्द्धन, मानसिक स्वास्थ्य समस्याको रोकथाम र स्वास्थ्य निकायहरुमा प्रेषण ९ऋभाभचचबा० बढाउनका लागि सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मानसिक समस्या पहिचान र रिफरको तालिम दिने तथा समुदायस्तरमा सामुदायीक मनोसामाजिक कार्यकर्ताको विकास गरी परिचालन गरिनेछ ।

१.७ महामारी रविपद्का कारणले उत्पन्न हुन सक्ने मानसिक स्वास्थ्य तथामनोसामाजिकसमस्यालाई तत्काल सम्बोधन गर्नको लागि स्थानीय विपद् न्युनीकरण तथा प्रतिकार्यका कार्यक्रम र योजनाहरुमा मनोवैज्ञानिक प्राथमिक सहयोग

तालिम र शोक तथा गुमाई तालिम जस्तामानसिक स्वास्थ्य र मनोसामाजिक सुस्वास्थ्य सम्बन्धि कार्यक्रम र योजनामा समेटिनेछन् ।

१.८ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरुमा पहुँचयूक्तता पुर्वाधार निर्माण र पहुँचयूक्तता परिक्षण गरिनेछ ।

१.९ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई अधिकारमुखी, सम्मानजनक तथा सेवाग्राहीमैत्री बनाउनकालागि पहल गरिनेछ ।

**२. मानसिक स्वास्थ्य समस्या र कमजोर मानसिक स्वास्थ्यका पुर्वाअवस्थाको रोकथाम तथा मनोसामाजिक सुस्वास्थ्यको प्रबर्द्धन गर्नका लागि आवश्यक सचेतिकरण, चेतनामुलक र स्वास्थ्य जिवनयापन प्रबर्द्धन क्रियाकलापहरु गाउँपालिकाका नियमित क्रियाकलापमा समावेश गरी लागु गर्ने ।**

२.१ गाउँपालिकाको स्वास्थ्य तथा सामाजिक विकास शाखाले शिक्षा, युवा तथा खेलकुद तथा महिला ,बालबालिका तथा जेष्ठ नागरिक शाखासँगको समन्वय र सहयोगमा मानसिक स्वास्थ्य, आत्महत्या रोकथाम, मातृ मानसिक स्वास्थ्य, बालबालिका तथा किशोर किशोरी मानसिक स्वास्थ्य, गर्भावस्था र सुत्केरी अवस्थाको मानसिक स्वास्थ्य र प्रभावकारी अभिभावकत्व आदि विषयमा जनचेतनामुलक सामाग्रीहरु विकास गरी विभिन्न स्वास्थ्य आमा समूह, अन्य समुह, जनप्रतिनिधी, संचारकर्मी, धामीझाक्री, शिक्षक र विद्यालय व्यवस्थापन समिति आदि वर्गमा पुग्ने गरी सचेतिकरण र जनचेतनाका कार्यक्रमलाई अगाडी बढाइने छ ।

२.२ मानसिक स्वास्थ्य समस्या र उपचारका बारेमा समुदायमा रहेको अन्धविश्वास, भ्रम तथा मित्थ्याकथन हटाउनकालागि जनचेतनामुलक सामाग्रीहरु विकास गरी सचेतिकरण र जनचेतनाका कार्यक्रमलाई अगाडी बढाइने छ ।

२.३ बालबालिकाहरुको विकासक्रम,बाल मनोविज्ञान र बालबालिकामा हुने भावनात्मक तथा व्यवहारिक समस्याहरुको पहिचान र त्यसको प्रारम्भिक व्यवस्थापन गर्नकालागि शिक्षकहरुलाई आवश्यक तालिम प्रदान गरी विद्यालय मानसिक स्वास्थ्य कार्यक्रम गरिनेछ ।

२.४ मानसिक स्वास्थ्यमा जनचेतना बढाउन संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरी विभिन्न दिवसहरु (विश्व मानसिक स्वास्थ्य दिवस, विश्व आत्महत्या रोकथान दिवस, बिर्सने समस्या रोकथाम दिवस) समुदाय तहमा कार्यक्रम गरी मनाइने व्यवस्था गरिने छ ।

२.५ जनस्वास्थ्य, शिक्षा, महिला बालबालिका तथा सामाजिक सुरक्षा लगायतका नियमित कार्यक्रम जस्तै सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, बालस्वास्थ्य, विद्यालय स्वास्थ्य, लैङ्गिक हिंसा रोकथाम, किशोरकिशोरी शिक्षा, सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका लक्षित र अन्य समुदायमा आधारित सचेतनामुलक कार्यक्रम आदिमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य लाई एकीकृत गर्दै लगिनेछ ।

२.६ सांकृतिक कार्यक्रम, वडा भेला र पालिका भेला आदि जस्ता धेरै व्यक्तिहरु भेला हुने कार्यक्रमलाई लक्षित गरीमानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धि जनचेतनामुलक कार्यक्रम गरिनेछन् ।

२.७ मानसिक स्वास्थ्य सेवालाई बिचमा नै छाड्ने प्रवृति कम गरी सेवाको निरन्तरता सुनिश्चित गर्नका लागि पारिबारिक भेटघाट तथा मनोशिक्षाका कार्यक्रम लागू गरिनेछन्।

२.८ कार्यस्थल, सहकारी र समुहहरु आदिमा कर्मचारी र सदस्यहरुको मानसिक स्वास्थ्य प्रवर्धन गर्नका लागि तनाव व्यवस्थापन र जनचेतनामुलक कार्यक्रम गरिनेछन् ।

शानीभेरी गाउँपालिका

**३. मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य, आत्महत्या रोकथाम र सो सम्बन्धि सेवालाई प्रबर्द्धन गर्नका लागि सरकारी, गैरसरकारी तथा निजि क्षेत्रबिच प्रभावकारी साझेदारी, समन्वय र सहकार्य गर्ने ।**

३.१ गुणस्तरिय मानसिक स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्न पालिकामा रहेका नीजि, गैरसरकारी संस्था तथा सरोकारवाला निकायसँग आवश्यक साझेदारी, समन्वय र सहकार्य गरिनेछ ।

३.२ बिशेषज्ञ तथा बिशिष्टिकृत मानसिक स्वास्थ्य सेवा प्रदान गर्नका लागि संघिय, प्रादेशिक सरकार लगायत अन्य सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

३.३ मानसिक स्वास्थ्य समस्या सम्बन्धि औषधीको सहज र प्रयाप्त व्यवस्थापनकालागि स्वास्थ्य तथा सामाजिक विकास शाखाको पहलमा संघिय, प्रादेशिक सरकार लगायत अन्य सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

३.४ संघिय, प्रादेशिक सरकार लगायत अन्य सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरी आत्महत्या रोकथामका कार्यक्रमलाई प्राथमिकतामा राखी लागु गरिनेछन् ।

३.५ संघिय, प्रादेशिक सरकार लगायत अन्य सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरी मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्यकार्यक्रमलाई प्राथमिकतामा राखी लागु गरिनेछन् ।

**४. मानसिक स्वास्थ्य समस्या तथा मनोसामाजिक अपाङ्गता भएमा व्यक्तिको हक अधिकार सुनिश्चित गरी आर्थिक समुन्नती र मानव अधिकारको संरक्षण गर्ने ।**

४.१ मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिको उपचार, हेरचाह र सामाजिक समावेशीकरण सुनिश्चितताको लागि मानसिक स्वास्थ्य स्वाबलम्वन समूह गठन तथा क्षमता अभिबृद्धिमा सहजिकरण गरिनेछ ।

४.२मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति र उनका परिवारको आर्थिक समुन्नतीका लागि आयआर्जन तथा जिबिकोपार्जन कार्यक्रममा संलग्न गराईनुका साथै रोजगारीका अवसर श्रृजना गरिनेछन् ।

४.३मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गराउँदै औषधीको निरन्तर उपलब्धताको सुनिश्चीतता गरिनेछ ।

४.४ मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरु प्रति हुने हिंसा कम गर्न र त्यस्ता व्यक्तिहरुको हेरचाह, सुरक्षा, उनीहरु प्रति गरिने व्यवहारमा सुधार ल्याउनको लागि यस गाउँपालिकामा रहेका सुरक्षा निकाय, बालगृह, जेष्ठ नागरिक आवास गृह, पुनर्स्थापना केन्द्र तथा सुरक्षित आवास गृहमा समुदायका अभिमुखीकरण तथा चेतनामुलक कार्यक्रम गरिनेछन् ।

४.५ अपाङ्गताको वर्गीकरणमा पर्ने मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुलाई अपाङ्गता परिचय पत्र तथा अन्य सामाजिक सुरक्षा कार्यक्रममा जोड्नमा सहजिकरण गरिने छ ।

४.६ मानसिक स्वास्थ्य समस्या भई पुनर्स्थापना सेवा आवश्यक भएका व्यक्तिलाईलाईपरिवार र समुदायमा पुनर्स्थापनाका लागि व्यवस्थापन गर्ने । पुनर्स्थापनाकालागि विशिष्टिकृत तथा बिशेषज्ञ सेवाको आवश्यकता भएमा प्रदेश अस्पताल र अन्य निकायहरुसँगको समन्व गरी प्रेषणगरिनेछ ।

**५. तथ्यमा आधारित सेवा उपलव्ध गर्न आवश्यक सुरक्षित एवं गुणस्तरिय अभिलेख तथा तथ्याङ्क संकलन र मूल्याङ्कन गर्ने ।**

५.१ विद्यमान स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा मानसिक स्वास्थ्य सम्बन्धी सूचनाहरु समावेश गरी सम्बन्धित निकायहरुमा नियमित पठाइने व्यवस्था गरिनेछ ।

५.२ गाउँपालिकाको स्वास्थ्य तथा सामाजिक विकास शाखा र जिल्ला प्रहरी कार्यालयको सहकार्यमा आत्महत्याका घटना र प्रयास सम्बन्धीका तथ्यांकलाई व्यवस्थित गरिनेछन् ।

५.३ मानसिक स्वास्थ्य सँग सम्बन्धित बिषयमा अध्ययन तथा अनुसन्धानलाई प्रबर्द्धन गरी उपलब्ध तथ्यमा आधारित योजना तथा कार्यक्रम तर्जुमा र परिमार्जन गरिनेछन् ।

५.४ मानसिक स्वास्थ्य सेवाको प्रभावकारी कार्यान्वयनका निम्ती निरन्तर अनुगमन, अनुशिक्षण तथा मुल्याङ्कन गरिनेछ ।

## संस्थागत व्यवस्था

यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहद्वारा स्रोत तथा अधिकार सम्पन्न संयन्त्रको निर्माण गरिनेछ । साथै मानसिक समस्या भएका व्यक्तिहरुको उपचारको विशेष व्यवस्था गर्न स्थानीय तहमा मानसिक स्वास्थ्य सेवा इकाई स्थापना एवं सञ्चालन गरिनेछ। मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिलाई उपचारमा सहजताकालागि गाउँपालिकाले सञ्चालन गरेको स्वास्थ्य बिमा कार्यक्रममा समाबेश गरिने छ। स्वास्थ्य संस्थाहरुमा मानसिक स्वास्थ्य एवं मनोसामाजिक समस्या भएका व्यक्तिलाई गुणस्तरीय मानसिक स्वास्थ्य सेवा सुनिश्चित गर्न स्वास्थ्य शाखा प्रमुख, मानसिक/मनोसामाजिक कार्यक्रम सम्पर्क व्यक्ति र यस क्षेत्रमा कार्य गरिरहेका स्थानीय गैर सरकारी संस्था मध्येबाट एक, मानसिक स्वास्थ्य स्वाबलम्बन समूहबाट एक जना र सेवाग्राहीमध्येबाट एक जना प्रतिनिधि रहने अनुगमन संयन्त्र निर्माण गरिनेछ । यस मानसिक स्वास्थ्य नीतिका आधारमा गाउँपालिकाले कार्ययोजना तय गरी तुरुन्त कार्यान्वनमा ल्याइनेछ। मानसिक स्वास्थ्य स्वाबलम्बनसमूह गठन तथा क्षमता अभिबृद्धिमासहजिकरण गरी पालिका स्तरको मानसिक स्वास्थ्य स्वाबलम्बन समूहलाई पहिचालन गरिनेछ ।

सानीभेरी गाउँपालिका

## वित्तीय श्रोत

स्थानीय सरकारको स्रोत, संघ तथा प्रदेश सरकारवाट प्राप्त स्रोतहरु, संघ संस्थाबाट प्राप्त स्रोत तथा निजी क्षेत्रको सहयोग समग्रमा यस मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य नीति कार्यान्वयनका स्रोत हुनेछन् । मानसिक स्वास्थ्य सेवाकालागि अन्य स्वास्थ्य सेवा सरह रोगको भारका आधारमा समानुपातिक रुपमा बजेटको व्यवस्था गरिदै लगिनेछ। साथै मानसिक स्वास्थ्य सम्बन्धि महिला, बालबालिका तथा जेष्ठ नागरिक र अन्य सम्बन्धित शाखाहरु अर्न्तगत पनि बजेट बिनियोजन गरिने छ। समुदायलाई पनि मानसिक स्वास्थ्यमा लगानी गर्नकालागि प्रेरित गरिने छ।

## अनुगमन तथा मूल्याङ्कन

स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा सो सम्बन्धि समुदायमा गरिने अन्य कार्यक्रमको आवश्यक अनुगमन तथा मुल्याङ्कन गर्नका लागि गाउँपालिका प्रमुखको नेतृत्वमा र प्रमुख प्रशासकिय अधिकृत, स्वास्थ्य शाखा तथा सामाजिक विकास प्रमुख, अस्पतालको प्रमुख, मानसिक स्वास्थ्य तथा मनोसामाजिक कार्यक्रम सम्पर्क व्यक्ति र यस क्षेत्रमा कार्य गरिरहेका स्थानीय गैरसरकारी संस्था मध्येबाट एक र सेवाग्राहीमध्येबाट एक जना प्रतिनिधि रहने परियोजना सल्लाहकार समिति निर्माण गरिनेछ । प्राथमिक स्वास्थ्य सेवा प्रणालीबाट प्रदान गरिने मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवाको सूचनालाई स्वास्थ्य व्यस्थापन सूचना प्रणालीमा समावेश भएको निश्चित गरिने छ। साथै मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगको प्रभावकारीता, सूचना प्रणाली र सम्बन्धीत दस्ताबेजिकरणको समितिले अनुगमन र मुल्याङ्कन गरिने छ।

## जोखिम

- मानसिक स्वास्थ्य क्षेत्रमा समष्टिगतरुपमा स्रोत परिचालन रणनीतिको अभाबमा स्रोत व्यवस्थापन तथा परिचालनमा कठिनाई हुनसक्ने सम्भाबना रहन्छ ।
- तालिम प्राप्त जनशक्तिको अभाव तथा तालिम प्राप्त स्वास्थ्यकर्मीको सरुवालेगर्दा मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवाको निरन्तरतामा चुनौती हुन सक्दछ ।
- मानसिक रोगको उपचारमा प्रयोग हुने औषधिको स्वास्थ्य संस्थामा निःशुल्करुपमा निरन्तर उपलब्धताको संयन्त्र नहुँदा सेवाको निरन्तरता तथा प्रभावकारीतामा चुनौती आउन सक्दछ ।
- मुलुक सङ्घीय संरचनामा परिणत हुँदा कार्यान्वयन गरिने स्वास्थ्य कार्यक्रमहरु केन्द्र र सङ्घको दायित्वभित्र पर्ने गरी छुट्टयाई मानसिक स्वास्थ्य नीतिको पुनःसमायोजन नहुँदा चुनौती हुन सक्दछ ।
- यस नीतिलाई कार्यान्वयन गर्नको लागि संघ तथा प्रदेशमा जस्तै स्थानीय तहमा पनि मानसिक स्वास्थ्यको छुट्टै सक्रिय संयन्त्र स्थापना नभएको हुँदा मानसिक स्वास्थ्यका कार्यक्रम तर्जुमा र कार्यन्वयन हुन चुनौती आउन सक्दछ ।
- विद्यमान स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा नसर्ने रोगको सूचनाहरु समावेश भए नभएको छुट्टै सक्रिय संयन्त्र स्थापना नभएकोले प्रभाबकारी तथ्याङ्क आउनमा समस्या आउन सक्दछ ।
- मानसिक स्वास्थ्य समस्याको औषधीको प्रयोग सेवाग्राहीले बिच समयमा छोड्ने चुनौती आउन सक्दछ ।

मालीभेरी गाउँपालिका

गाउँपालिकामा उपलब्ध मानव संशाधनको यथोचित उपयोग गरी कार्यक्रम परिचालन र कार्यन्वयनमा जोड दिईनेछ ।

## गाउँपालिकाको मानसिक स्वास्थ्यको पाँच वर्षे कार्ययोजना

| कार्यक्षेत्र | मुख्य कार्यहरु | संचालन गरिने क्रियाकलापहरु | सुचक | जिम्मेवार निकाय अवधि |
|---|---|---|---|---|
| **१. मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने ।** | | | | |
| | १. सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने | १. गाउँपालिकाको स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुको राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रकोजन्एए मोडुल २ सञ्चालन गर्ने ।<br>२.तालिमका लागि विज्ञ मनोचिकित्सक, चिकित्सामनोविद तथा मनोविदहरुको व्यवस्था गर्ने ।<br>३. मानसिक स्वास्थ्यको औषधिको आपूर्ति व्यवस्थापन गर्ने ।<br>३.१ मानसिक रोगको अत्यावश्यक औषधीको आवश्यकताको पहिचान गर्ने | १. गाउँपालिकाको ५ वटा स्वास्थ्य केन्द्रबाट कम्तीमा एक एकजना स्वास्थ्यकर्मी कम्तिमा पनि २ जना विज्ञबाट तालिम सञ्चालन गर्ने ।<br>३. गाउँपालिकाको स्वास्थ्य संस्थामा मानसिक रोगको औषधीको आपूर्ति १२ महिनासम्म निरन्तर हुने ।<br>३.१. मानसिक रोगका विभिन्न औषधीहरुको वर्षदिनसम्म आवश्यक पर्ने परिमाण निश्चित गरेको डकुमेन्ट | १. स्वास्थ्य शाखा, गाउँपालिकाले स्वास्थ्य सेवा कार्यालयसँग समन्वय गरी प्रदेश सा.वि.मं.बाट आपूर्ति निश्चित गर्ने<br>२. गाउँपालिकाको स्वास्थ्य शाखाले आर्थिक वर्ष २०८२ । २०८३ सम्ममा निश्चित गरिने छ । |

| | | | | |
|---|---|---|---|---|
| आधारभुत मानसिक स्वास्थ्य सेवा | २. विशेषज्ञस्तरको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा | स्वास्थ्य बिमा तथा टेलिमेन्टल हेल्थको माध्यमबाट विशेषज्ञस्तरको सेवा स्वास्थ्य केन्द्र मार्फत समुदायमा पुऱ्याउने | १. स्वास्थ्य संस्थामा उपचारमा आएका मानसिक स्वास्थ्य समस्याहरु मध्ये ८० प्रतिशतले स्वास्थ्य बिमामा संलग्न हुने छन्। २. विशेषज्ञस्तरको सुपरभिजन तथा उपचार टेलिमेन्टल हेल्थ मार्फत वर्षमा ४ पटक | स्वास्थ्य शाखा, गाउँपालिका |
| | ३. मानसिक स्वास्थ्यलाई जनस्वास्थ्यको नियमित कार्यक्रमहरुमा एकिकृत गरेर सञ्चालन गर्ने | ३.१ गाउँपालिकाको जनस्वास्थ्य कार्यक्रममा मानसिक स्वास्थ्यलाई समावेश गरि कार्यक्रम गर्ने । ३.२ सामुदायिक महिला स्वास्थ्य स्वयंमसेविका, आमा सुरक्षा कार्यक्रम, प्रसुती सेवा, बाल स्वास्थ्य कार्यक्रममा डिप्रेसन तथा आत्महत्याको स्किनिङ. गर्ने, भेटिएका समस्या भएका व्यक्तिलाई उपचारमा प्रेषण गर्ने । | ३.१ ५ वटा स्वास्थ्य संस्थाका कार्यक्रममा मानसिक स्वास्थ्य समावेश ३.२ स्वास्थ्य संस्थाबाट वर्षमा २०० गर्भवती तथा प्रसुती महिलामा डिप्रेसन तथा आत्महत्याका स्किनिङ गर्ने । | स्वास्थ्य शाखा, गाउँपालिका ३.१ तीन वर्ष ३.२ प्रत्येक वर्ष पाँच वर्ष सम्म |
| **२. लक्षित वर्ग, जोखिममा परेको समूह तथा समुदायमा मानसिक कार्यक्रम सञ्चालन गर्ने ।** | | | | |
| लक्षित वर्ग, जोखिममा परेको समूह तथा समुदायमा | बालबालिका तथा किशोर किशोरी | १. राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विकास गरेको बालबालिकाका लागि मानसिक स्वास्थ्य तालिम मोडुल ३ गाउँपालिकाको स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुलाई तालिम सञ्चालन गर्ने । २. समुदाय तथा विद्यालयमा बालबालिका तथा किशोर किशोरीको मनोसामाजिक सुस्वास्थ्यको प्रर्वधनगर्ने कार्यक्रमम सञ्चालन गर्ने । ३. घर परिवार, विद्यालय, सामाजिक वातावरणलाई बालबालिका तथा किशोर किशोरी मैत्री बनाउने | स्वास्थ्य संस्थाका कम्तिमा एक एक जना स्वास्थ्यकर्मी गाउँपालिकाका सबै विद्यालयमा नियमित सञ्चालन गर्ने समुदाय तथा विद्यालयमा नियमित सञ्चालन गर्ने | स्वास्थ्य शाखा, गाउँपालिका पहिलो, दोस्रो वर्ष स्वास्थ्य, शिक्षा तथा महिला बालबालिका शाखा स्वास्थ्य, शिक्षा तथा महिला बालबालिका शाखा |
| | मानसिक स्वास्थ्य समस्या भएका व्यक्ती तथा तिनका परिवारहरुलाई मानसिक स्वास्थ्य सेवा | १. मानसिक स्वास्थ्य स्वाबलम्बन समुह निर्माण तथा क्षमता विकास गर्ने । २. समुदायमा मनोसामाजिक परामर्श र उपचार सेवा प्रदान गर्ने । ३.पालिका स्तरको मानसिक स्वास्थ्य स्वाबलम्बन समुह मार्फत स्वपैरवीका लागि कार्यक्रम निर्माण तथा अर्थपुर्ण सहभागिता गराउने । | प्रदेश अस्पताल तथा स्वास्थ्य चौकीबाट मानसिक स्वास्थ्य तथा मनोपरामर्शमा तालिम प्राप्त नियमित स्वास्थ्यकर्मीले हप्तामा दिन तोकेर नियमित सेवा प्रदान गर्ने । | स्वास्थ्य शाखा |
| | जेष्ठ नागरिकको मानसिक स्वास्थ्य | अल्जाइमर्स डिसअर्डर लगायत विस्मृति तथा अन्य मानसिक समस्यामा जनचेतना बढाउने तथा समयमा पहिचान गरि स्वास्थ्य संस्थामा रिफर गर्ने । जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षामा पहुँच बढाउने । | विश्व अल्जाइमर्स रोग रोकथाम दिवस सेप्टेम्बर २३ समुदायमा मनाएर, सञ्चार माध्यमबाट जनचेतनाका कार्यक्रम गर्ने । निरन्तर | स्वास्थ्य शाखाले प्रदेश, संघ तथा गाउँपालिकाको श्रोत तथा साधन बाट हरेक वर्ष दिवस मनाउने महिला बालबालिका तथा जेष्ठ नागरिक सुरक्षा शाखा |
| | आत्महत्याको सोच भएका र जोखिममा भएका | आत्महत्या रोकथाम कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने बिश्व आत्महत्या रोकथाम दिवस सेप्टेम्बर १० समुदायमा मनाउने । | हरेक वडातहमा कार्यक्रममा सहभागी (४००) हरेक वर्ष | स्वास्थ्य शाखा |

मालिका गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| | व्यक्तिकालागि मानसिक स्वास्थ्य | आमसञ्चारको प्रयोग गर्दै आत्महत्या कम गर्ने सूचना तथा जानकारी प्रसारण गर्ने । | | |
| | लैङ्गिक हिंसा प्रभाबितहरुकोमानसिक स्वास्थ्य | कृषि क्षेत्रमा प्रयोग हुने विषादीको पहुँचमा नियन्त्रण गर्न सम्बन्धित निकायसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने ।<br>लैङ्गिक हिंसा केश व्यवस्थापनका लागि एकद्वार संकट व्यवस्थापन केन्द्रसँग समन्वयात्मक बैठक तथा प्रेषण गर्ने । | विषादी वितरकलाई अभिमुखीकरण कार्यक्रम (हरेक वडामा १ पटक)<br>त्रैमासिक र आवश्यक्तामा आधारित | स्वास्थ्य तथा कृषि शाखा |
| | अपाङ्गता भएका व्यक्तिहरुको लागि मानसिक स्वास्थ्य | अपाङ्गताभएका व्यक्तिहरुलाई गाउँपालिकाका स्वास्थ्य केन्द्रहरुबाट मानसिक स्वास्थ्य तथा समुदायमा परिचालित मनोपरामर्शकर्ताबाट सेवा प्रदान | स्वास्थ्य संस्थामा सेवामा सहभागी अपाङ्गता भएकाव्यक्तिको तथ्यांक संकलन | स्वास्थ्य शाखा र महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा |
| | मदिरा तथा लागु औषधीको लत भएका व्यक्तिकालागि मानसिक स्वास्थ्य | मानसिक समस्या र त्यसको प्रभावबारे समुदाय तथा विद्यालयमा सचेतना कार्यक्रम हरेक वडामा सञ्चालन गर्ने कुलतमा फसेकाहरुको समयमा नै पहिचान गरी स्वास्थ्य संस्था तथा परिवारमा नै गएर मनोपरामर्श सेवा तथा उपचारका लागि जानकारी प्रदान गर्ने, प्रेषण गर्ने र समन्वय गर्ने । | कार्यक्रममा सहभागी संख्या<br>सेवा तथा प्रेषणको तथ्यांक | स्वास्थ्य शाखा |
| ३. आकस्मिक तथा विपदको अवस्थामा प्रदान गरिने मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा स्वास्थ्य सेवामा एकिकृत गरेर प्रदान गर्ने । | | | | |
| आकस्मिक तथा विपदको अवस्थामा मानसिक स्वास्थ्य सेवा | आकस्मिक तथा विपदको अवस्थामा प्रदान गरिने अत्यावश्यकीय स्वास्थ्य सेवामा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा प्रदान गर्ने । | स्वास्थ्यकर्मी तथा मनोपरामर्शकर्तालाई मनोवैज्ञानिक प्राथमिक सहयोगको तालिम तथा प्रभावित समुदायलाई प्राथमिक मनोवैज्ञानिक सहयोग प्रदान गर्ने । | तालिम प्रदान गरेको संख्या<br>सेवा प्राप्त गरेकाको तथ्यांक | स्वास्थ्य शाखा |
| | आपतकालिन समन्वय तथा सहकार्य बैठक | समन्वयात्मक बैठक मार्फत स्रोत नक्साङ्कन तथा परिचालन योजना निर्माण गर्ने ।<br>प्रभावित समुदायलाई एक द्वार प्रणालीबाट सहयोग प्रदान गर्ने । | स्रोत नक्साङ्कनको विवरण<br>परिचालन योजना तथा माईन्युट | स्वास्थ्य शाखा |
| ४. गुणस्तरीय मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्नका लागि आवश्यक पर्ने संयन्त्र, साधन, श्रोत तथा जनशक्तिको व्यवस्थापन गर्ने । | | | | |
| स्थानीय संरचनामा मानसिक स्वास्थ्य | स्थानीय तहमा मानसिक स्वास्थ्य हेर्ने ईकाई ।<br>व्यक्ति तोकी जिम्मेवारी किटान गर्ने । | स्थानीय तहमा सांगठनिक तथा व्यवस्थापन सर्भेक्षण गर्दा मानसिक स्वास्थ्य इकाई सहित मनोपरामर्शकर्ताहरुको पदहरु सृजना गरी पदपूर्ती गर्ने । | मानसिक स्वास्थ्य संरचनाको स्थापना आवश्यक जनशक्तिको व्यवस्थापन तथा पदपूर्ति संख्या | स्थानीय सरकार |

आज्ञाले

दिपक बुढाथोकी

प्रमुख प्रशासकीय अधिकृत